# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०२।२१ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको ।

---

कास्की जिल्ला, मादी गाउँपालिका वडा नं. ६, चिप्ली गाउँस्थित शिद्ध प्रा.वि.मा खेलकुद मैदान निर्माणको लागि युवा तथा खेलकुद मन्त्रालयबाट श्रोत सुनिश्चितता भई जिल्ला समन्वय समिति, कास्कीवाट आ.व. २०७३।०७४ मा खर्च भएको रकम खेलकुद मैदान निर्माणको काम नै नगरी जिल्ला समन्वय समिति, कास्कीका प्राविधिक नन्दु राम, मादी गाउँपालिका ७, का वडा सचिव रामकृष्ण बास्तोला र सिद्ध युवा क्लव, चिप्लीका अध्यक्ष विशाल गुरुङको मिलोमतोमा रकम हिनामिना गरेको भन्नेम विषयको उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुंदा प्रतिवादीहरुले नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याउने बदनियतले चिप्ली खेलकुद मैदान निर्माण कार्यको अनुसन्धानको क्रममा जिल्ला प्राविधिक कार्यालय, कास्कीबाट मिति २०७५।०५।१० मा पुनः मूल्यांकन गर्दा रु.२,१२,३६३।३५ मात्रको काम सम्पन्न गरे गराएको देखिन आएबाट उक्त खेलकुद मैदान निर्माणमा प्राविधिक मूल्यांकनभन्दा रु.१,३९,६३५।६४ रकमको मूल्यांकन बढी बढाई जनश्रमदान रू.५१,९९८।- बाहेक कटाउनु पर्ने कर कट्टा गरी सरकारी रकम रु.२,८४,२८४।- भुक्तानी दिएको देखिदा खेलकुद मैदान निर्माणमा रु.९८,००९।२० मात्र खर्च भएको प्रमाणित भएको हुँदा निर्माण कार्यमा खर्च भएको भन्दा रु.१,८६,२७४।८० बराबरको रकम निर्धारित शर्त तथा मापदण्ड विपरीत निर्माण गरी, झुट्टा विल, भरपाई वनाई निर्धारित लागत इष्टिमेटअनुसारको काम नगरी निर्माण कार्यमा संलग्न कर्मचारी र निर्माण समितिका पदाधिकारीले भुक्तानी लिई दिई रु.१,८६,२७४।८० हिनामिना गरी नेपाल सरकारलाई गैरकानूनी हानिनोक्सानी पुऱ्याउने कार्यमा संलग्न रहेका तत्कालीन जिल्ला समन्वय समिति, कास्कीमा कार्यरत भई हाल रुपा गाउँपालिका, कास्कीमा कार्यरत चिप्ली खेलकुद मैदान निर्माण कार्यको साइट इन्चार्ज सब-इन्जिनियर ननु राम, तत्कालीन जिल्ला समन्वय समिति, कास्कीमा कार्यरत भई हाल पोखरा लेखनाथ महानगरपालिकामा कार्यरत इन्जिनियर हरि बहादुर बस्नेत, जिल्ला प्राविधिक कार्यालय कास्कीका प्रमुख जिल्ला इन्जिनियर नारायण प्रसाद बराल, तत्कालीन मादी गाउँपालिका वडा नं. ७, का वडा सचिव हाल अवकाश प्राप्त पोखरा लेखनाथ महानगरपालिका वडा नं. ११ बस्ने रामकृष्ण बास्तोला, तत्काल जिल्ला समन्वय समितिको कार्यालय, कास्कीका लेखा अधिकृत पदमा कार्यरत रही हाल पोखरा लेखनाथ महानगरपालिकामा कार्यरत झलक प्रसाद आचार्य, तत्कालीन जिल्ला समन्वय समिति, कास्कीका लेखापाल हाल पोखरा लेखनाथ महानगरपालिकामा कार्यरत विष्णु प्रसाद बराल, चिप्ली खेलकुद मैदान निर्माण समितिका अध्यक्ष हर्क गुरुङ्ग, सचिव तारामान गुरुङ र कोषाध्यक्ष गौसुवा गुरुङ्ग उपर जनही बिगो रू १,८६,२७४।८० कायम गरी देहाय बमोजिमको कसुरमा देहाय बमोजिमको सजायको मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

देहाय:-

| सि.नं | नामथर | पद | कार्यालय | विगो | सजाय मागदाबी |
|---|---|---|---|---|---|
| १. | ननु राम | साइट इन्चार्ज सब-इन्जिनियर | तत्कालीन जिल्ला समन्वय समिति, कास्की हाल रुपा गाउँपालिका, कास्की, चिप्ली खेलकुद मैदान निर्माण कार्य | रु.१,८६,२७४।८० | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) र दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन मागदावी |
| २. | हरि बहादुर बस्नेत | इन्जिनियर | तत्कालीन जिल्ला समन्वय समिति, कास्की हाल पोखरा लेखनाथ महानगरपालिका | रु.१,८६,२७४।८० | ” |
| ३. | नारायण प्रसाद बराल | प्रमुख जिल्ला इन्जिनियर | जिल्ला प्राविधिक कार्यालय कास्की | रु.१,८६,२७४।८० | ” |
| ४. | रामकृष्ण वास्तोला | वडा सचिव | तत्काल मादी गाउँपालिका वडा नं. ७ | रु.१,८६,२७४।८० | ” |
| ५. | झलक प्रसाद आचार्य | लेखा अधिकृत | तत्कालीन जिल्ला समन्वय समितिको कार्यालय, कास्की हाल पोखरा लेखनाथ महानगरपालिका | रु.१,८६,२७४।८० | ” |
| ६. | विष्णु प्रसाद बराल | लेखापाल | तत्काल जिल्ला समन्वय समिति, कास्की हाल पोखरा लेखनाथ महानगरपालिका | रु.१,८६,२७४।८० | ” |
| ७. | हर्क गुरुङ्ग | समितिका अध्यक्ष | चिप्ली खेलकुद मैदान निर्माण समिति | रु.१,८६,२७४।८० | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (४) द्वारा परिभाषित कसुरमा भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा (८) को उपदफा (४) बमोजिम सजाय हुन मागदाबी |
| ८. | तारामान गुरुङ | सचिव | ” | रु.१,८६,२७४।८० | ” |
| ९. | गौसुवा गुरुङ्ग | कोषाध्यक्ष | ” | रु.१,८६,२७४।८० | ” |

(प्रदीपकुमार कोइराला)

प्रवक्ता